सरूमारानी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बङ्गाँडा ,प्यूठान
लुम्बिनी प्रदेश नेपाल

प.स : ०७८।०७९
च.नं:

मिति:२०७८।१२।२४

# व्यक्तिगत घटना दर्ता सप्ताह सम्वन्धी अत्यन्त जरुरी सुचना !!!

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको आयोजनामा मिति २०७९बैशाख १ देखी ७ गते सम्म देशैभरी व्यक्तिगत घटना दर्ता सप्ताह सञ्चालन गर्न गईरहेको हुँदा यस सरुमारानी गाउँपालिकाका ६ वटै वडा कार्यालयमा समेत जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता गर्न छुट भएका सम्पुर्ण सेवा ग्राहीहरुले आफ्नो वडा कार्यालयमा गई अनिवार्य दर्ता गराउनु हुन अनुरोध छ। साथै उक्त सप्ताहमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्यता पुगेका लाभग्राहीहरुले विवरण समेत दर्ता गराउन सकिनेछ।

जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्रै आफ्नो स्थानिय तहको वडा कार्यालयमा गई अनिवार्य दर्ता गरौं र गराऔं।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य जेष्ठ नागरिक, एकल महिला, अशक्त, अपाङ्ग, लोपोन्मुख जाती र ५ वर्ष मुनिका दलित बालबालिकाहरुले आफ्नो स्थायी बसोबास रहेको वडा कार्यालयमा गई आवेदन दिऔं।

"सबैले व्यक्तिगत घटना दर्ता गरौं गराऔं
२०७९ बैशाख १ देखी ७ गते सम्म घटना दर्ता सप्ताह मनाऔं।"

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत